# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. २०८२।०८३
च.नं.

**विषय: वहाल बिटौरी शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि ७ दिने विद्युतीय बोलपत्र आव्हानको सूचना ।**

**पांचौ पटक प्रकाशित मिति: २०८३।०३।१५**

**ठेक्का न.R6/DSMC/2082/2083**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५९ बमोजिम यस धनगढी उप महानगरपालिकाका बजार क्षेत्रको मुख्य सडक (मेन रोड) बाहेक अन्य शाखा सडकहरूको सडक क्षेत्राधिकार भन्दा बाहिरको छेउछांउ र तोकिएको स्थानमा बसी अस्थाई रूपमा खोका, ठेला, घुम्ती अथवा भुईमा फड राखी व्यापारिक प्रयोजनका लागि मालसामान बेचविखन गर्ने व्यापारीहरूबाट आ.व. २०८३/०८४ का लागि बहाल विटौरी शुल्क उठाउन ठेक्कामा लगाउनु पर्ने भएकोले यस धनगढी उप महानगरपालिकाबाट तोकिएको दररेट बमोजिम शुल्क संकलन गर्न चाहने ईच्छुक फर्म/कम्पनीहरूको जानकारीका लागि ७ दिने बिद्युतीय बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिलका शर्तहरु**

१. बहाल विटौरी शुल्क बढाबढका लागि न्यूनतम ठेक्का अंक बहाल कर सहित रु.३९,८६,१७६। (अक्षरूपी उन्नचालीस लाख छयासी हजार एक सय छहत्तर ) कायम गरिएको छ ।
२. ठेक्काको अवधि २०८४ साल असार मसान्त सम्म कायम रहने छ ।
३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न गराउन पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरेको जानकारी प्राप्त हुन आएमा वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै वेला ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।
४. बिद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद वापतको रकम रू ३०००। (पछि फिर्ता नहुने गरी) राजश्व पोर्टल sutrarevenue.fcgo.gov.np मा गई तेकिएको दररेट अनुसार राजश्व शिर्षक न. १४२२९ बाट अन्य प्रशासनीक सेवा शुल्क मार्फत खरिद गरी प्राप्त भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

जनकराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. २०८२।०८३
च.नं.

५. बोलपत्र दर्ता गर्दा फर्म वा कम्पनी चालु आ.व. सम्म नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समावेश गर्नु पर्ने छ ।

६. बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र पेश गरिसक्नु पर्नेछ र सोही दिन दिउंसो १२:३० बजे बोलपत्र खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, बोलपदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

८. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता ( हि.न. ४१७०१००३०३००००२ ) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको “क” वर्ग को बाणिज्य बैंकहरूको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ । बोलपत्रमा समावेश हुनका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ ।

९. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको ३ किस्ता मध्ये प्रथम किस्ता बराबरको नगद रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्ने छ र बांकी किस्ताका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधि सम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

जनकराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

प.स. रा. २०८२।०८३
च.नं.

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१३. बहाल बिटौरी शुल्क संकलन गर्दा नेपाली नागरिकबाट रू १०० र गैर नगारिकबाट रू २००। लिन पाउनेछ ।

१४. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१५. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ ।

जनकराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपशिचम प्रदेश ।

बोलपत्र दस्तुर रू. ३०००।

| सि. न | ठेक्का कार्यको विवरण | न्यूनतम बढाबढ हुने ठेक्का रकम (बहाल कर सहित) | कवोल गरेको वार्षिक ठेक्का रकम ( बहाल कर सहित ) | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १ | बहाल बिटौरी शुल्क संकलन गर्ने गर्ने कार्यका लागि कवोल गरेको ठेक्का रकम ।<br>ठेक्का न.R6/DSMC/2082/2083 | ३९,८६,१७६। | | | |

<u>ठेकेदारको तर्फबाट:</u>

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.:

जनकराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल